प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

## "होमस्टेमा पूँजीगत अनुदानका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना"

प्रथम पटक प्रकाशित मिति: २०७५।०७।२८

गण्डकी प्रदेशमा ग्रामिण पर्यटन प्रवर्द्धन गरी संमृद्धिमा टेवा पुर्याउने उद्धेश्यले प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले गण्डकी प्रदेश अन्तर्गत संचालनमा रहेका होमस्टेहरुमा पर्यटन पूर्वाधार सम्बन्धि कार्यहरु गर्न गराउन "होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार ब्यवस्थापन गर्न पुँजिगत अनुदान दिने सम्बन्धि कार्यविधि, २०७५" प्रदेश सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ । यस मन्त्रालयको आ.ब. ०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पर्यटन शिर्षकमा होमस्टेहरुलाई पुँजिगत अनुदान दिने कार्यक्रम रहेको हुँदा विधिवत रुपमा दर्ता एवं नविकरण भई संचालनमा रहेका होमस्टेमा पर्यटन पुर्वाधार सम्बन्धि के-कस्ता योजनाहरु संचालन गर्नुपर्ने हो सो को पहिचान गरी स्थानीय तहसँग समन्वय गरेर सर्भे, लागत स्टीमेट तयार गरी स्थानीय तहको सिफारिससाथ कार्यविधिमा उल्लेख भए अनुसारका आवश्यक कागजातहरु सहित प्रस्ताव सम्बन्धित जिल्लाको डिभिजनल वन कार्यालय वा भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत् पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो ३० दिने सूचना प्रकाशित गरिएको छ ।

### यस संबन्धि थप जानकारीका लागि

मन्त्रालयको Website: www.moitfe.gandaki.gov.np मा लगईन गरी वा फोन नं. ०६१-४६७६६९ र ०६१-४६७६५४ मा सम्पर्क गर्न सकिने छ ।

२०७५।७।२८

नि. सचिव